## जनकपुरधाम उप-महानगरपालिकाको

## फोहोरमैला व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

**प्रस्तावनाः**

जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्रको फोहोरमैलालाई स्रोतको रूपमा उपयोग गर्न, त्यसको प्रयोग, पुनःप्रयोग र प्रशोधनबाट आर्थिक गतिविधि सञ्चालन गर्न, फोहोरमैलाबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न, साथै फोहोरमैलाको कुशल तथा प्रभावकारी व्यवस्थापनबाट स्वच्छ तथा स्वास्थ्य वातावरण कायम गर्न जनकपुरधाम उप-महानगरपालिकाको फोहोरमैला सम्बन्धी कानूनलाई समसामयिक सुधार गरी आवश्यकता अनुसार व्यवस्थित गर्न वाञ्छनीय भएकोले संविधानको धारा २२६ (१) बमोजिम उपमहानगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"फोहोरमैला व्यवस्थापन ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन नगर सभाले पारित गरी जनकपुरधाम उप- महानगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) **"उप-महानगरपालिका"** भन्नाले जनकपुरधाम उप-महानगरपालिका सम्झनु पर्छ।

(ख) "**नगर सभा**" भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको नगर सभा सम्झनु पर्छ।

(ग) "**फोहोरमैला**" भन्नाले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका, खेर गएका वा सडे-गलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस, तरल, ग्याँसको रुपमा रहेको वस्तु, लेदो, धुवाँ, धुलो वा विद्युतीय वा सूचना प्रविधिका उत्सर्जन भएका सामग्री वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ र सो शब्दले घरायसी फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा अन्य हानिकारक फोहोरमैला वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, फालिएका वा छरिएका पर्चा, पम्प्लेट वा उप-

महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेत जनाउँछ।

(घ) "**औद्योगिक फोहोरमैला**" भन्नाले औद्योगिक प्रतिष्ठानबाट उत्सर्जन वा उत्पादन भएको हानिकारक वा प्रदूषणयुक्त फोहोरमैला सम्झनु पर्छ।

(ङ) "**औद्योगिक प्रतिष्ठान**" भन्नाले उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कम्पनी, उद्योग, फर्म, सहकारी संस्था वा अन्य कुनै औद्योगिक प्रतिष्ठान सम्झनु पर्छ।

(च) "**कन्टेनर**" भन्नाले फोहोरमैला सङ्कलन गर्न निश्चित ठाउँमा राखिएको फोहोरमैला राख्ने, खसाल्ने वा थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै साधन सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेत जनाउँछ।

(छ) "**घरायसी फोहोरमैला**" भन्नाले सर्वसाधारणको भान्सा वा घरायसी अन्य व्यवहार वा कारोबारबाट उत्सर्जन भएको फोहोरमैला सम्झनु पर्छ।

(ज) "**चक्रिय अर्थतन्त्र**" भन्नाले स्रोतको पुनः प्रयोग, फोहोरको न्यूनिकरण र उत्पादन तथा खपत प्रक्रियालाई पुनःचक्रण मार्फत व्यवस्थित गर्ने आर्थिक प्रणालीलाई जनाउँछ । यस शब्दले उत्पादन चक्रलाई "लेउ, प्रयोग गर, फाल" भन्ने परम्परागत ढाँचाबाट "लेउ, प्रयोग गर, पुनः प्रयोग गर" भन्ने दिगो अवधारणामा रूपान्तरण गर्छ भन्ने समेत जनाउनेछ।

(झ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "**निर्माणजन्य फोहोरमैला**" भन्नाले कुनै भौतिक संरचना निर्माण गर्दा निर्माणस्थल वा निर्माण सामग्रीबाट उत्सर्जन भएको फोहोरमैला सम्झनु पर्छ।

(ट) "**पुनः चक्रीय प्रयोग**" भन्नाले सङ्कलित फोहोरमैलालाई कुनै विधि वा प्रविधिको प्रयोगद्वारा कच्चा पदार्थमा रुपान्तरण र उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने काम सम्झनु पर्छ।

(ठ) "**प्लास्टिक**" भन्नाले कुनै पनि यस्तो सामग्रीलाई जनाउँछ, जुन बहुलकबाट बनेको जैविक रूपले विघटन गर्न नसकिने, तातो वा चापको प्रभावमा आकार परिवर्तन गर्न सकिने लचिलो वा कडा

पदार्थको रूपमा प्रयोगमा ल्याइने प्लास्टिकजन्य वस्तुलाई जनाउँछ। साथै, यस शब्दले पुनःप्रयोग गर्न नसकिने प्रकृतिका प्लास्टिकजन्य वस्तु वा चिया कफीका लागि प्रयोग गरिने गिलासलाई समेत जनाउनेछ।

(ड) **“प्लास्टिकजन्य फोहोरमैला”** भन्नाले पातला र हल्का बहुलक सामग्रीबाट बनेका झोलाहरूलाई जनाउँछ, जुन सामान बोक्न, प्याकेजिङ गर्न र फोहोर व्यवस्थापनमा प्रयोग गरिने, जैविक रूपमा विघटन हुन धेरै समय लाग्ने र वातावरणीय प्रदूषणको प्रमुख स्रोत मानिने वस्तुलाई जनाउँछ।

(ढ) **"प्रदूषण"** भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्याँस तथा त्यस्ता वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ।

(ण) “**प्रभावित क्षेत्र**” भन्नाले फोहोरमैला व्यवस्थापन स्थलको वातावरणीय अध्ययन प्रतिवेदनमा फोहोरमैला व्यवस्थापनको कारणले प्रभावित हुने भनी निर्धारण गरिएको क्षेत्र सम्झनु पर्छ।

(त) "**प्रशोधन**" भन्नाले फोहरमैलाको स्वरुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने वा फोहोरमैलाबाट मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(थ) "**अनुमतिपत्र**" भन्नाले दफा २७ को उपदफा ६ बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ।

(द) "**फोहोरमैला निष्कासन**" भन्नाले फोहोरमैला उत्सर्जन स्थलबाट तोकेको स्थानमा थुपार्ने, निकाल्ने वा जम्मा गर्ने काम सम्झनु पर्छ।

(ध) "**फोहोरमैला न्यूनिकरण**" भन्नाले कुनै विधि, प्रविधि वा उपायको प्रयोग गरी फोहोरमैलाको परिमाण, आकार वा प्रभाव कम गर्ने कार्य सम्झनु पर्छ।

(न) "**फोहोरमैला व्यवस्थापन स्थल**" भन्नाले फोहोरमैला सङ्कलन गरी विभिन्न प्रयोजनको लागि स्रोतको रुपमा उपयोग वा व्यवस्थापन गर्ने स्थल सम्झनु पर्छ र सो शब्दले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नको लागि दफा १० को उपदफा (२) बमोजिम तोकिएको स्यानिटरी ल्याण्डफिल साइट समेत जनाउँछ।

(प) "**फोहोरमैला सङ्कलन**" भन्नाले फोहोरमैला उत्सर्जन स्थलबाट उठाउने, घर-घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, जम्मा गर्ने, थुपार्ने, झारपात उखेल्ने वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्प्लेट हटाई सङ्कलन गर्ने काम सम्झनु पर्छ।

(फ) "**बन्द पश्चात व्यवस्थापन** (पोस्ट क्लोजर म्यानेजमेण्ट)" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलमा फोहोरमैला विसर्जन गर्न बन्द गरेपछि त्यस क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने विभिन्न काम वा उपाय सम्झनु पर्छ।

(ब) "**रासायनिक फोहोरमैला**" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य, जीवजन्तु, वनस्पति वा वातावरणमा प्रतिकूल असर पार्ने कुनै पनि रासायनिक पदार्थ सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोरमैलाको रुपमा निर्धारण गरेको अन्य ठोस, तरल, ग्याँस पदार्थ समेत जनाउँछ।

(भ) "**लैङ्गिक समानता**" भन्नाले पुरुष, महिला र अन्य सबै लिङ्गका व्यक्तिहरूलाई बिना भेदभाव समान अवसर, अधिकार र सम्मान प्रदान गर्ने सामाजिक अवस्था जनाउँछ।

(म) "**विसर्जन**" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन वा व्यवस्थापन सम्झनु पर्छ।

(य) "**सङ्कलन केन्द्र**" भन्नाले घर-घरबाट निस्कने फोहोरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न तोकेको ठाउँ सम्झनु पर्छ र सो शब्दले घर-घरमा फोहोरमैला सङ्कलन गर्न आउने तोकेको फोहोरमैला सङ्कलन वा फोहरमैला सङ्कलन गर्ने साधन समेत जनाउँछ।

(र) "**स्थानान्तरण केन्द्र**" भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्नका लागि फोहोरमैला व्यवस्थापन स्थलमा लैजानु अघि फोहोरमैला सङ्कलन गर्न तोकेको ठाउँ सम्झनु पर्छ ।

(ल) "**स्थानीय तह**" भन्नाले जनकपुरधाम उप-महानगरपालिका र सिमाना जोडिएका अन्य स्थानीय तह समेतलाई सम्झनु पर्छ।

(व) "**स्वास्थ्य संस्थाजन्य फोहोरमैला**" भन्नाले चिकित्सा सेवा प्रदान गर्ने सरकारी, सामुदायिक वा निजी अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्सर्जन, उत्पादन वा निष्कासन हुने हानिकारक फोहोरमैला सम्झनु पर्छ।

(श) **"सामाजिक समावेशीकरण"** भन्नाले समाजका सबै वर्ग, जात, लिंग, धर्म, र समुदायका व्यक्तिहरूलाई सामाजिक, आर्थिक र सांस्कृतिक जीवनका अवसरहरूमा समान रूपमा सहभागी गराउन गरिने प्रक्रियालाई जनाउँछ।

(ष) **"जैविक फोहोर"** भन्नाले वनस्पति, जनावर वा अन्य जीवजन्य स्रोतबाट उत्पन्न हुने र प्राकृतिक रूपमा विघटन हुन सक्ने चिजवस्तुलाई जनाउछ ।

(स) **"हानिकारक फोहोरमैला"** भन्नाले प्राकृतिक वातावरण वा पर्यावरणीय प्रणालीमा ह्रास ल्याउने, मानव तथा जीवजन्तुको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्कासित फोहोरमैला सम्झनु पर्छ र सो शब्दले पारोयुक्त फोहोरमैला वा रेडियो विकिरण समेत जनाउँछ।

(ह) **"विद्युतीय फोहोर"** भन्नाले परित्याग गरिएका टेलिभिजन, कम्प्युटर, फ्लपी, अडियो-भिडियो सीडी, ब्याट्री, मोबाइल फोन, फ्रिज, एयर कन्डिसनर, विद्युतीय खेलौना, टेलिफोन, वाशिङ मेसिन, विद्युतीय स्विच तथा यस्तै अन्य विद्युतीय उपकरणहरूबाट उत्पन्न हुने फोहोरलाई जनाउँछ।

## परिच्छेद-२

## फोहरमैलाको संकलन तथा निष्कासन

**३. फोहोरमैला व्यवस्थापन गर्ने उप-महानगरपालिकाको जिम्मेवारीः** (१) जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र उत्सर्जन भएको फोहोरमैलाको नियमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी जनकपुरधाम उप-महानगरपालिकाको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि सिमाना जोडिएका स्थानीय तहका हकमा समेत उप-महानगरपालिका एक्लै वा अन्य स्थानीय तहसँग सहकार्य गरी फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, प्रशोधन, निस्कासन वा व्यवस्थापनका लागि देहायको पूर्वाधार संरचनाको तयारी, निर्माण, सञ्चालन वा व्यवस्थापन गर्नुपर्नेछः

(क) संकलन केन्द्र वा स्थानान्तरण केन्द्र,

(ख) फोहोरमैलाको प्रशोधन केन्द्र (प्लान्ट), कम्पोष्ट स्थल (प्लान्ट) वा ग्याँस प्लान्ट,

(ग) पुनः प्रयोग हुनसक्ने फोहोरमैला प्रशोधन गर्ने प्रशोधन केन्द्र,

(घ) स्यानिटरी ल्याण्डफिल्ड साइट वा विसर्जन स्थल (प्लान्ट)

(३) जनकपुरधाम उप-महानगरपालिका र सिमाना जोडिएका अन्य नगरपालिकाले उपदफा (२) बमोजिमका पूर्वाधार संरचनाको तयारी, निर्माण, सञ्चालन वा व्यवस्थापनको जिम्मेवारी कुनै व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम सुम्पन वा हस्तान्तरण गर्न सक्नेछ।

**४. फोहोरमैला उत्सर्जन गर्ने कार्यको व्यवस्थापन गर्ने दायित्वः** (१) दफा (३) मा जुनसुकै कुरा लेखिएकको भएता पनि जोखिमपुर्ण फोहरमैला तथा हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक वा पारोयुक्त फोहोरमैला, औद्योगिक फोहोरमैला, विकिरणजन्य वा विद्युतीय फोहोरमैला वा निर्माणजन्य फोहोरमैलाको उपयोग, प्रशोधन वा व्यवस्थापन गर्ने दायित्व दफा ४, ५, ७ तथा ८ को अधीनमा रही त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिम, फोहोरमैलाको उपयोग, प्रशोधन वा व्यवस्थापन गर्दा उपमहानगरपालिका वा उप-महानगरपालिकाको अधिकार प्राप्त अधिकारीले जारी गरेको मार्ग निर्देशनको पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको शैया भन्दा कम क्षमताका अस्पताल, स्वास्थ्य चौकी वा उप-स्वास्थ्य चौकी वा फोहोरमैला व्यवस्थापन गर्ने क्षमता नभएका सामुदायिक अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंकले स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन गरिदिन जनकपुरधाम उप-महानगरपालिका तथा सिमाना जोडिएका अन्य नगरपालिकालाई अनुरोध गर्न सक्नेछ।

(४) कुनै सार्वजनिक स्थलमा राखिएको पोस्टर, पम्प्लेट वा झण्डा तथा त्यस्तो स्थलमा कार्यक्रम गर्दा भएको फोहोरमैला हटाउने दायित्व त्यस्तो पोस्टर, पम्प्लेट वा झण्डा राख्ने वा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(५) उपदफा (१), (३) वा (४) बमोजिमको फोहोरमैला वा त्यस्तो फोहोरमैला उपयोग वा प्रशोधन गरी बाँकी रहेको फोहोरमैलाको व्यवस्थापन गरिदिन कुनै उद्योग वा स्वास्थ्य संस्थाले जनकपुरधाम उप-महानगरपालिकालाई अनुरोध गरेमा उपमहानगरपालिका वा सिमाना जोडिएका अन्य नगरपालिकाले निर्धारण गरे बमोजिमको शर्त पालना र सेवा शुल्क लिई त्यस्तो फोहोरमैलाको व्यवस्थापन गर्न सक्नेछ।

(६) यस दफा बमोजिम फोहोरमैलाको व्यवस्थापन नभएमा व्यवस्थापन गर्दा लागेको खर्च सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट जनकपुरधाम उपमहानगरपालिकाले असुल उपर गर्न सक्नेछ।

(७) उपदफा (३) वा (५) को अवस्थामा बाहेक उपदफा (१), (२) वा (४) बमोजिम फोहोरमैलाको व्यवस्थापन नगरेमा उपमहानगरपालिकाले त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायलाई व्यवसाय वा कारोबार सञ्चालन गर्न रोक लगाउन सक्नेछ ।

(८) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा उपमहानगरपालिका वा उपमहानगरपालिकाले जिम्मेवारी तोकेका कुनै पनि संघ संस्था समेतले नेपाल सरकार वा प्रदेश सरकारले तोकेको मापदण्डको पालना गर्नुपर्नेछ ।

**५. फोहोरमैलाको वर्गीकरणः** (१) उपमहानगरपालिकाले यस कानून वा यस कानून बमोजिम बनेका नियम बमोजिम तोकिएको आधारमा फोहोरमैलाको जैविक वा अजैविक, पुनः प्रयोग हुनसक्ने वा नसक्ने गरी स्रोतमा नै वर्गीकरण गरी फोहोरमैला छुट्याउने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्रोतमा नै वर्गीकरण गरी फोहोरमैला छुट्याउँदा स्वास्थ्य संस्थाजन्य फोहोरमैला भए जोखिमयुक्त फोहरमैला र जोखिमरहित फोहरमैला तथा संक्रमणजन्य फोहोरमैला र संक्रमणरहित फोहोरमैला फरक-फरक हुने गरी छुट्याउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम व्यवस्था भएकोमा फोहोरमैलाको स्रोतमा नै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

(४) उपमहानगरपालिकाले उपदफा (३) को प्रयोजनका लागि आवश्यक प्रविधि, मालसामान, उपकरण, कन्टेनर वा प्रशिक्षण उपलब्ध गराउन सक्नेछ।

**६. फोहोरमैलाको निष्कासन** : (१) फोहोरमैला निष्कासनको समय, स्थान र तरीका उपमहानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिमको फोहोरमैला सङ्कलन वा स्थानान्तरण केन्द्रमा निष्कासन गर्न पाइने छैन।

(३) व्यक्ति वा संघ संस्थाहरुबाट निस्केको फोहोरमैला पृथकीकरण गरेर मात्र निष्कासन गर्न गराउनु पर्नेछ।

**७. फोहोरमैला सङ्कलनः** (१) दफा ४ बमोजिम फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकाय आफैले फोहोरमैलाको व्यवस्थापन गरेकोमा बाहेक उपमहानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको फोहोरमैला सङ्कलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि उप-महानगरपालिकाले आवश्यकता अनुसारको संख्यामा सङ्कलन केन्द्र तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम फोहोरमैला सङ्कलन गर्ने वा उपदफा (२) बमोजिम सङ्गलन केन्द्र तोक्ने तथा त्यस सम्बन्धि अन्य कार्यविधि उपमहानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**८. फोहोरमैलाको ढुवानीः** (१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई स्थानान्तरण केन्द्र वा फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने वा गराउने जिम्मेवारी स्थानीय तह वा उपमहानगरपालिका वा उपमहानगरपालिकाले व्यवस्था गरेको संस्था वा निकाय वा अनुमति प्राप्त व्यक्तिको हुनेछ।

तर औद्योगिक प्रतिष्ठानमा कच्चा पदार्थको रुपमा प्रयोग हुने फोहोरमैला ढुवानी संकलन केन्द्रदेखि औद्योगिक प्रतिष्ठानसम्म त्यस्तो प्रतिष्ठान आफैले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम ढुवानी गर्दा वा गराउँदा दफा ५ बमोजिम वर्गीकरण गरी छुट्याई निष्कासन तथा सङ्कलन गरिएको फोहोरमैलाको अलग-अलग ढुवानी साधनमा ढुवानी गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम फोहोरमैला ढुवानी गर्दा वा गराउँदा ढुवानीको लागि प्रयोग हुने सवारी साधन तथा ढुवानी गर्ने तरीका नेपाल सरकार तथा प्रदेश सरकारले बनाएको मापदण्ड बमोजिम हुनेछ।

(४) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ। यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ।

**९. फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्वः** फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायको देहाय बमोजिम दायित्व हुनेछः-

(क) फोहोरमैला कम उत्सर्जन हुने गरी घरायसी व्यवहार, भान्सा प्रबन्ध, कुनै काम वा व्यवसाय सञ्चालन गर्ने,

(ख) पुनः प्रयोग हुने वस्तु छुट्याई बाँकी फोहोरमैला निष्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउने,

(ग) पुनः प्रयोग हुनसक्ने फोहोरमैला वा औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग हुने फोहोरमैलाको विसर्जन नगर्ने,

(घ) आफ्नो घर परिसर क्षेत्रभित्र विसर्जन हुनसक्ने फोहोरमैलाको विसर्जन सोही क्षेत्रमा गर्ने,

(ङ) उपमहानगरपालिकाबाट निर्धारण भएको ठाउँ बाहेक अन्यत्र फोहोरमैलाको सङ्कलन वा विसर्जन नगर्ने

(च) फोहोरमैला व्यवस्थापन गर्न उपमहानगरपालिकालाई सहयोग पुऱ्याउने।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "आफ्नो घर परिसर क्षेत्र" भन्नाले कसैको निजी घर कम्पाउण्ड, औद्योगिक प्रतिष्ठान भए औद्योगिक परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको स्वामित्व वा नियन्त्रणमा रहेको भौतिक संरचना र त्यसको परिसर सम्झनु पर्छ।

**१०. फोहोरमैलाको व्यवस्थापनः** (१) उपमहानगरपालिकाले फोहोरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको रुपमा प्रयोग वा अन्य किसिमले व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन हुन नसकेको फोहोरमैला व्यवस्थापनको लागि उपमहानगरपालिकाले स्यानिटरी ल्याण्डफिल साइट तोकी सो स्थानमा विसर्जन गरी व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापन गर्न नेपाल सरकार वा प्रदेश सरकारसँग आवश्यक सहयोगकालागि उपमहानगरपालिकाले अनुरोध गर्न र अनुरोध बमोजिम प्राप्त सहयोगको उपयोग गर्न सक्नेछ।

(४) उपमहानगरपालिकाले चक्रिय अर्थतन्त्र अन्तर्गत देहाय बमोजिम फोहोर व्यवस्थापन गर्नुपर्नेछः

(क) प्रत्येक घर, पसल, कार्यालय तथा संस्था द्वारा उत्पन्न हुने फोहोरलाई स्रोतमै जैविक, अजैविक र पुनः प्रयोग गर्न मिल्ने गरी अनिवार्य रूपमा छुट्याउनु पर्नेछ।

(ख) वडास्तरमा फोहोरमेला छुट्याउने कार्यको अनुगमन गर्न स्वच्छता स्वयंसेवक वा अनुगमन टोली गठन गर्न सक्नेछ।

(ग) घर-घरबाट संकलन गरिने फोहोरमैला छुट्याइएको अवस्था अनुसार छुट्टै डस्टबिन वा गाडी प्रयोग गरी व्यवस्थापन गर्नेछ।

(घ) उपमहानगरपालिकाले पुनः प्रयोगयोग्य वस्तुहरूको संकलन तथा व्यवस्थापनका लागि निजी क्षेत्र वा गैरसरकारी संस्थासँग आवश्यक सम्झौता गर्न सक्नेछ।

(ङ) उपमहानगरपालिका क्षेत्रभित्र पुनःप्रयोगयोग्य सामग्री बुझाउन सकिने गरी पुन प्रसोधन केन्द्र (रिसाईकल केन्द्र) वा हरित केन्द्र स्थापना गर्न सक्नेछ।

(च) जैविक फोहोरको व्यवस्थापनका लागि निम्न कार्यहरू गर्न सक्नेछ :

- घरमै कम्पोस्ट उत्पादनका लागि कम्पोस्ट बिन उपलब्ध गराउने ।
- सामुदायिक स्तरमा विद्यालय,टोल विकास संस्था वा केन्द्रहरूमा सामूहिक कम्पोस्ट इकाइ स्थापना गर्ने।
- उत्पादित कम्पोस्ट मल स्थानीय कृषकलाई निःशुल्क वा सहुलियत दरमा वितरण गर्ने ।

(५) उपमहानगरपालिकाको फोहोर व्यवस्थापन शाखा, सरोकारवाला निकाय, स्थानिय बासिन्दाको प्रतिनिधि, महिला समूह र शैक्षिक संस्थाहरूको सहभागिता रहेको देहायका कार्यक्षेत्र सहित एक समन्वय समिति गठन गर्न सक्नेछ।

(क) फोहोर व्यवस्थापनसम्बन्धी नीति निर्माण तथा अनुगमन।

(ख) बजेट विनियोजन र कार्यान्वयनको समन्वय।

(ग) सार्वजनिक सल्लाह, सुझाव संकलन र अभिलेखिकरण।

(६) चक्रिय अर्थतन्त्रप्रति सचेतना अभिवृद्धिका लागि विद्यालयमा निम्न कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(क) पोस्टर प्रतियोगिता, निबन्ध प्रतियोगिता, नाटक आदि।

(ख) विद्यार्थीहरूलाई "पर्यावरणीय दूत" घोषणा गरी टोलस्तरीय गतिविधिमा नेतृत्व प्रदान गर्न प्रोत्साहन गर्ने

(७) समुदायस्तरमा निम्न जनचेतना कार्यक्रमहरू आयोजना गर्न सक्नेछः

(क) बजार, मेला, सामुदायिक स्थलहरूमा प्रदर्शनी, पेन्टिङ, क्याम्पेन जस्ता कार्यक्रमहरू संचालन गर्ने ।

(ख) नागरिक सहभागिता प्रवर्द्धन गर्न स्वच्छ वडा प्रतियोगिता आयोजना गरिनेछ, जसमा उत्कृष्ट प्रदर्शनकर्तालाई पुरस्कार प्रदान गर्ने।

## ११. प्लास्टिक तथा प्लास्टिक झोलाको व्यवस्थापन सम्बन्धि व्यवस्थाः

(१) प्लाष्टिक सम्बन्धि फोहोरमैलाको उत्पादन, प्रयोग र व्यवस्थापन सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र कम गुणस्तर (४० माइक्रोन भन्दा कम मोटाइ) भएका प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य सामाग्रिको प्रयोग, विक्री, वितरण, आयात र उत्पादन गर्न पाइने छैन ।

(ख) विशेष प्रकारका प्लास्टिकजस्तै Polyethylene Terephthalate (PET), High Density Polyethylene (HDPE) , Polyvinyl Chloride (PVC), Low Density Polyethylene (LDPE), Polypropylene (PP), Polystyrene (PS) आदि प्लाष्टिकका प्रयोग र पुनःचक्रण सम्बन्धी मापदण्ड जारी गर्न सक्नेछ ।

(ग) प्लास्टिकजन्य फोहोरलाई अन्य फोहोरसँग नमिसाई छुट्टै संकलन गर्नुपर्नेछ।

(घ) पुनःचक्रण गर्न नसकिने प्लास्टिकको प्रयोग निषेध गर्नेछ ।

(२) पुनःचक्रण प्रणाली सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) पुनःचक्रण योग्य प्लास्टिक संकलन गर्ने समूह, निकाय वा कम्पनीहरूले उपमहानगरपालिकाबाट अनुमति प्राप्त गर्नुपर्नेछ।

(ख) पुनःचक्रण गर्न मिल्ने प्लास्टिकहरूको बिक्री/संकलनको जिम्मेवारी उपभोक्ता, व्यवसायी वा टोल विकास समितिको हुनेछ।

(ग) पुनःचक्रणका लागि संकलन बिन्दुहरूको पहिचान र संचालन उपमहानगरपालिकाले गर्नेछ।

(३) प्लास्टिकजन्य फोहोरमैला छुट्याउने व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) प्लास्टिकजन्य फोहोरमैलालाई जैविक वा अजैविक फोहोरसँग मिसाउन पाइने छैन।

(ख) प्रत्येक घर, व्यवसाय वा संस्थाले प्लास्टिकजन्य फोहोरमैला छुट्टै संकलन गरी तोकिएको समयमा मात्रै उपमहानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

(४) प्लास्टिक झोला तथा प्लास्टिकजन्य सामाग्रि सम्बन्धि विकल्प देहाय बमोजिम हुनेछः

(क) वातावरणमैत्री झोलाको प्रयोगमा प्रात्साहन गर्ने ।

(ख) प्लास्टिक झोलाको विकल्पमा वातावरणमैत्रि झोला उत्पादन गर्न चाहने उद्योगी वा व्यवसायीलाई कर, दस्तुरमा छुट दिने व्यवस्था गर्ने ।

(ग) प्रत्येक घरधुरीलाइ कपडाको झोला प्रयोग गर्न प्रत्साहन गर्ने ।

(५) प्लास्टिकजन्य सामाग्रि सम्बन्धि शिक्षा, सचेतना र अभिमुखीकरणको व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) विद्यालय, टोल, व्यवसाय र सरकारी संस्थामा प्लास्टिकजन्य सामाग्रिको प्रयोगमा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने ।

(ख) टोलस्तरमा अन्तरक्रिया, अभिमुखीकरण, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(६) अनुगमन तथा कारबाही सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) व्यक्ति, संस्था वा निकाय विरुद्ध उपमहानगरपालिकाले कानून बमोजिम आवश्यक कारबाही गर्न सक्नेछ।

(ख) उपमहानगरपालिकाले नागरिक समाज, उद्योगी र स्थानिय बासिन्दाको प्रतिनिधिको सहभागिता हुने गरी प्लास्टिकजन्य सामाग्रिको अनुगमन गर्न समिति गठन गर्न सक्नेछ।

(७) संस्थागत संयन्त्र सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) प्लास्टिकजन्य फोहोर व्यवस्थापन कार्यान्वयन तथा समन्वयका लागि “प्लास्टिक फोहोर व्यवस्थापन इकाई” गठन गर्न सक्नेछ।

(ख) यो इकाईले पुनःचक्रण अनुमति संकलन, व्यवस्थापन, अनुगमन, तथ्यांक संकलन, रिपोर्टिङ आदि कार्य गर्नेछ।

## परिच्छेद-३

## फोहोरमैलाको उपयोग, प्रशोधन तथा पुनः प्रयोग

**१२. फोहोरमैलाको उपयोगः** (१) उपमहानगरपालिकाले दफा ७ बमोजिम सङ्कलन भएको फोहोरमैलाको सरसफाई वा प्रशोधन गरी सोही रुपमा प्रयोग, पुनः प्रयोग वा चक्रीय प्रयोग गरी उपयोगमा ल्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैलाको उपयोगमा ल्याउँदा फोहोरमैलालाई स्रोतको रुपमा विकास गरी त्यसबाट आर्थिक गतिविधि सञ्चालन हुने काम गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम स्रोतको रुपमा विकास गर्दा फोहोरमैला प्रशोधनबाट पुनः प्रयोग हुनसक्ने वस्तु वा औद्योगिक प्रतिष्ठानलाई आवश्यक हुने कच्चा पदार्थको रुपमा उपयोग गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उपयोग वा पुनः प्रयोग हुन नसक्ने वस्तुको यस ऐन बमोजिम विसर्जन गरी व्यवस्थापन गर्नुपर्नेछ।

(५) यस दफा वमोजिम फोहरमैलालाइ स्रोतको रपमा बिकास गरि त्यसबाट प्राप्त भएको आम्दानि कुनै व्यक्ति प्रतिष्ठान वा संस्था आफैले गरेको भए त्यस्तो व्यक्ति, संस्था वा प्रतिष्ठान र उपमहानगरपालिकाले गरेको भए उपमहानगरपालिकको हुनेछ ।

**१३. फोहोरमैलाको न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः** (१) उपमहानगरपालिकाले यस ऐनको मातहतमा बनेको नियमावलिमा तोकिएको शर्तको अधिनमा रही फोहोरमैलाको उत्सर्जन न्यूनिकरण गर्न, पुनः प्रयोग वा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न अन्य आवश्यक व्यवस्था गरी कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्याकिङ गर्न प्रयोग भएको वस्तु पुनः चक्रीय प्रयोग गर्न सम्बन्धित उत्पादकले प्याकिङ्ग गर्दा प्रयोग भएको त्यस्तो वस्तु उपभोक्ताबाट उपयुक्त मूल्यमा खरिद गर्ने व्यवस्था गर्नुपर्नेछ।

(३) उपमहानगरपालिकाले फोहोरमैला न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

**१४. फोहोरमैलाबाट उत्पादनः** (१) उपमहानगरपालिकाले आफैले वा अन्य स्थानीयसँग सहकार्य गरी यस ऐन बमोजिम सङ्कलन भएको जैविक फोहोरमैला प्रयोग गरी प्राङ्गारिक मल उत्पादन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मल उत्पादनको लागि नेपाल सरकार, प्रदेश सरकारसँग उप-महानगरपालिकाले समन्वय, सहकार्य र सहयोगका लागि अनुरोध गर्न सक्नेछन्।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सङ्कलन भएको फोहोर सङ्कलन गरी प्राङ्गारिक मल, ऊर्जा वा औद्योगिक कच्चा पदार्थ उत्पादन गर्न उप-महानगरपालिकाले नीजि क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

(४) होटल, रिसोर्ट वा रेष्टुरेण्टबाट उत्सर्जन हुने फोहोरमैलाबाट त्यस्तो होटल, रिसोर्ट वा रेष्टुरेण्टले एक्लै वा सामूहिक रुपमा मल, ऊर्जा, इन्धन वा कच्चा पदार्थ उत्पादन गर्न सक्नेछ।

(५) उप-महानगरपालिकाले उपदफा (४) बमोजिम मल, ऊर्जा, इन्धन वा कच्चा पदार्थ उत्पादन गर्न आवश्यक सहयोग गर्नेछ।

**१५. प्रशोधन केन्द्रको स्थापना र सञ्चालनः** (१) नेपाल सरकार वा प्रदेश सरकारले एक भन्दा बढी स्थानीय तहको फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त ठाउँमा उपयुक्त प्रशोधन केन्द्र स्थापना गरी सञ्चालन गरेको खण्डमा उप-महानगरपालिकाले समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशोधन केन्द्रबाट प्राप्त फोहोरमैलाको दफा १४ बमोजिमको उत्पादन कार्यमा प्रयोग गर्नुपर्नेछ।

**१६. पुनः प्रयोग हुनसक्ने फोहोरमैलाको वितरणः** (१) फोहोरमैलाको परिमाण घटाउने उद्देश्यले पुनः प्रयोग गर्न सकिने विद्युतीय सामग्री, फर्निचर, भाँडाकुँडा वा त्यस्तै प्रकृत्तिका अन्य वस्तुहरु निःशुल्क वा कम मूल्यमा हस्तान्तरण गर्नको लागि उप-महानगरपालिकाले तोकिए बमोजिम भण्डारण स्थल वा प्रदर्शन स्थलको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएको भण्डारण स्थल वा प्रदर्शनी स्थलबाट हस्तान्तरण नभएका वस्तु तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

**१७. छुट तथा सुविधाः** (१) फोहोरमैलाको व्यवस्थापनबाट मल, ऊर्जा वा पुनः प्रयोगको व्यवस्था मिलाउने वा औद्योगिक कच्चा पदार्थ उत्पादन गर्न अनुमति प्राप्त व्यक्तिलाई उप-महानगरपालिकाले

कर छूट वा अन्य सुविधा उपलब्ध गराउन र नेपाल सरकार, प्रदेश सरकारसँग समेत आवश्यक छुटका लागि सिफारिस गर्न सक्नेछ।

(२) उप-महानगरपालिका भित्र कुनै व्यक्ति वा संघ संस्था समेतले आफैले फोहोरमैलाको पुनः प्रयोगको व्यवस्था मिलाएमा वा त्यसबाट ऊर्जा, इन्धन वा औद्योगिक कच्चा पदार्थ उत्पादन गरेमा त्यस्तो व्यक्ति संघ संस्थालाई आवश्यक अनुदान वा सहायता उप-महानगरपालिकाले उपलब्ध गराउन वा नेपाल सरकार वा प्रदेश सरकारसमक्ष आवश्यक सिफारिस गर्न सक्नेछ।

(३) पुन: प्रयोग गर्न मिल्ने र आफैले फिर्ता लिने प्याकेजिङ्ग सामग्रीको प्रयोग गरी वस्तु उत्पादन वा प्याकेजिङ गर्ने उद्योगलाई उप-महानगरपालिकाले प्रचलित कानून बमोजिमको कर छुट मिन्हा वा अन्य सुविधा उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको कर छुट लगायतका विशेष सुविधाका लागि नेपाल सरकार वा प्रदेश सरकार समक्ष उप-महानगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ।

**१८. दोहोरो हुन नदिन समन्वयः** यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापन वा प्रशोधन गर्दा एउटै स्थानको फोहोर व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा उप-महानगरपालिकाले दोहोरो नपर्ने गरी गर्नुपर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सम्बन्धित निकायसँग उप-महानगरपालिकाले आवश्यक समन्वय गर्नुपर्नेछ।

## परिच्छेद-४

## स्थानान्तरण केन्द्र तथा फोहोरमैला व्यवस्थापन स्थल

**१९. स्थानान्तरण केन्द्रः** (१) उप-महानगरपालिकाले सङ्कलन भएको फोहोरमैलालाई प्रारम्भिक चरणमा व्यवस्थापन गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण केन्द्र तोक्दा मानव स्वास्थ्य, सार्वजनिक हित र सुविधा तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको स्थानमा दुर्गन्ध नआउने र वातावरण प्रदुषित नहुने गरी उपयुक्त व्यवस्थापन गर्नुपर्नेछ।

**२०. फोहोरमैला व्यवस्थापन स्थलः** (१) उप-महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैला प्रशोधन वा अन्य तरिकाले उपयोग गरी व्यवस्थापन गर्नको लागि उपयुक्त स्थलको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन नभएसम्म फोहोरमैला व्यवस्थापन वा विसर्जन गर्नको लागि उप-महानगरपालिकाले वातावरण सम्बन्धि प्रचलित कानूनको अधीनमा रही स्यानिटरी ल्याण्डफिल साइट तोक्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि उप-महानगरपालिकाको आफ्नै जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उप-महानगरपालिकाले त्यस प्रयोजनको लागि उपयुक्त जग्गा भाडामा लिन वा खरिद गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जग्गा उपलब्ध नभएमा उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थलको छनौट गरी त्यस्तो जग्गा उपलब्ध गराउन वा प्राप्ति गराइदिन नेपाल सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

**२१. फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको निर्माणः** (१) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माण गर्न सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माण गर्दा विस्तृत परियोजना प्रतिवेदनले प्रस्ताव गरेका आवश्यक डिजाईन, प्रविधि, संरचना बाहेक देहाय बमोजिमको सेवा सुविधा भएको हुनुपर्नेछ।

(क) पहुँच मार्ग

(ख) मूल गेट

(ग) सुरक्षा गार्ड बस्ने घर

(घ) धर्मकाटा

(ङ) प्रशासनिक भवन

(च) नगदी काउन्टर

(छ) पर्खाल वा घेराबार, मध्यवर्ति क्षेत्रमा हरियाली प्रवर्धन गर्नुपर्ने

(ज) कम्पोष्ट सुविधा

(झ) लिचेट व्यवस्थापन

(ञ) ल्याण्डफिल ग्याँस नियन्त्रणको व्यवस्था

(ट) सतह पानी नियन्त्रणको व्यवस्था

(ठ) भूमिगत पानी नियन्त्रणको व्यवस्थापन

(ड) ग्यारेज तथा सवारी साधन धुने स्थान

(ढ) प्राथमिक स्वास्थ्य केन्द्र

(ण) अग्नि नियन्त्रणको व्यवस्था

(त) विद्युत लाइन र जेनेरेटर

(थ) पार्किङ्ग स्थल तथा आराम स्थल

(द) चमेना गृह

(ध) टेलिफोन, विद्युत, स्वच्छ पिउने पानी

(न) शौचालय तथा स्नान गृह (महिला र पुरुष)

(३) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापनको फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माणको लागि प्रयोग गरिएको ल्यान्डफिल साइटको जग्गाको मापदण्ड देहाय बमोजिमको हुनुपर्नेछः

(क) जग्गाको न्यूनतम क्षेत्रफल ५ देखि १० हेक्टरसम्मको हुनुपर्ने।

(ख) घना मानव वस्ती देखि न्यूनतम ४.३ किलोमिटर दुरी हुनुपर्ने।

(ग) विमानस्थलबाट न्यूनतम ३ किलोमिटर दुरी हुनुपर्ने।

(४) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल निर्माण तथा संचालन पूर्व प्रचलित वातावरण संरक्षण सम्बन्धि कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने आवश्यक भएमा सोही अनुरुप वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा स्वीकृति गराउनु पर्नेछ।

**२२. फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालनः** (१) उप-महानगरपालिकाले वा उप-महानगरपालिकासँग सम्झौता भएको निजी क्षेत्र तथा सामूदायिक संस्थाहरुले फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालन गर्दा देहायका कुराहरु अवलम्वन गर्ने गरी गर्नुपर्नेछ।

(क) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालन गर्दा निस्कने लिचेट, ग्याँस र दुर्गन्ध लगायतका कारणबाट त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनिकरणका उपायहरु।

(ख) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको भौगोलिक अवस्थामा आउन सक्ने परिवर्तन र त्यसको व्यवस्थापनका उपायहरु।

(ग) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल वरिपरिको जनजीवनमा पर्न सक्ने आर्थिक, सामाजिक, भौतिक तथा जैविक प्रभाव र त्यसको व्यवस्थापनका उपायहरु।

(घ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल संचालनबाट उत्पन्न हुने अवसर र त्यसको सदुपयोग सम्बन्धि व्यवस्था।

(ङ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल संचालनका समयमा सो स्थानमा आवतजावत बन्द गर्नुपर्ने र सो सम्बन्धमा अपनाउनु पर्ने सचेतना सम्बन्धि विषय।

(च) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको सञ्चालनका समयमा सा स्थानमा काम गर्ने सरसफाई कर्मी, प्राविधिक वा अन्य कर्मचारीहरुले अनिवार्य रुपले ड्रेस र अन्य व्यक्तिगत सुरक्षा सामग्री जस्तैः मास्क, पञ्जा, टोपी बुट, चस्मा आदिको प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलमा प्राथमिक स्वास्थ्य सामग्री, अग्नी नियन्त्रण सामाग्रीहरुको प्रयोग सम्बन्धी सबै कर्मचारीहरुलाई नियमित रुपमा तालिम तथा अभिमुखीकरणको व्यवस्थापन मिलाउनु पर्नेछ।

(२) उप-दफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलको प्रकृति, प्रविधि र उपलब्ध सेवाहरुको विस्तृत अध्ययन गरी त्यस्तो स्थान विशेषको उचित व्यवस्थापन तथा सञ्चालनको लागि आवश्यक निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

**२३. फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चातको व्यवस्थापनः**(१) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चातको व्यवस्थापन देहाय बमोजिम गर्नुपर्नेछ।

(क) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थलमा फोहोरमैला विसर्जन गर्ने कार्य बन्द भए पश्चात् सो स्थलबाट निस्कने लिचेट, ग्याँस र दुर्गन्धि लगायतले उक्त क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव र त्यसको न्यूनिकरणका उपायहरु अवलम्वन गर्ने,

(ख) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात निस्कने ग्यासको उपयोग तथा व्यवस्थापन सम्बन्धी उपायहरु अवलम्वन गर्ने,

(ग) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात् सो क्षेत्रको पुनः प्रयोगको सम्भवाना, पुनः प्रयोग गर्दा अवलम्वन गर्नुपर्ने विधि तथा उपायहरु अवलम्वन गर्ने,

(घ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात् सो स्थल वरिपरिको प्रभावित क्षेत्रको व्यवस्थापनको उपायहरु अवलम्वन गर्ने,

(ङ) फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल बन्द पश्चात निश्चित समयसम्म सो स्थलमा सर्वसाधनको आवतजावत बन्द गर्न सचेतना सम्बन्धि विषयहरु अवलम्वन गर्ने,

(च) फोहोरमैला व्यवस्थापन प्रशोधन स्थल निर्माण तथा संचालन गर्दा प्रचलित वातावरण संरक्षण सम्बन्धि कानून बमोजिम वातावरणीय अध्ययन गरिएका भएमा, उक्त वातावरणीय अध्ययन प्रतिवेदनले दिएको सुझावहरुको अवलम्वन गर्ने।

**२४. फोहोरमैला व्यवस्थापन स्थल तोक्न समन्वयः** (१) दुई वा सोभन्दा बढी स्थानीय तहलाई एउटै फोहोरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा जनकपुरधाम उप-महानगरपालिकाले त्यस्ता स्थानीय तहसँग आवश्यक समझदारी र समन्वय गरी फोहोरमैला व्यवस्थापन स्थल निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धित जिल्लाभित्रको कुनै स्थानमा रहने भएमा सोको व्यवस्थापनका लागि सम्बन्धित जिल्ला समन्वय समिति र त्यस्तो स्थल सोही प्रदेशको अर्को जिल्लामा रहने भएमा सम्बन्धित प्रदेश सरकारसँग आवश्यक समन्वय र सहजीकरणकालागि अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (१ वा २) बमोजिम सिमाना जोडिएको अर्को स्थानीय तहसँग सहकार्य गरी संयुक्त रुपमा फोहोरमैला व्यवस्थापन गर्नु पर्ने भएमा त्यस प्रयोजनका लागि सम्बन्धित स्थानीय तहसँग प्रत्येक स्थानीय तहले निर्वाह गर्नुपर्ने भूमिका र जिम्मेवारी तथा बहन गर्नु पर्ने दायित्व सम्बन्धमा लिखित समझदारी र सहकार्य गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम निर्धारण भएको फोहोरमैला व्यवस्थापन स्थल सञ्चालनका लागि कानून र व्यवस्था कायम गर्न स्थानीय प्रशासनको सहयोग आवश्यक भएमा उप-महानगरपालिकाले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम अनुरोध भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले कानून र व्यवस्था कायम गर्न आवश्यक सहयोग गर्नुपर्ने छ।

**२५. वातावरणीय दृष्टिकोणले संवेदनशील क्षेत्रः** (१) उप-महानगरपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन स्थल क्षेत्र वातावरणीय रुपमा संवेदनशील क्षेत्र हुनेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा पशुपन्छी, जीवजन्तु तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउन ढुङ्गा, गिट्टी वा बालुवा निकाल्ने कार्यमा रोक लगाउन, वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि उप-महानगरपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खोला, नदी प्रणाली, ताल, राष्ट्रिय निकुञ्ज वा वन्यजन्तु वासस्थल, धार्मिक वा सांस्कृतिक स्थल, सम्पदाक्षेत्र, संरक्षित क्षेत्र वा अन्य सार्वजनिक स्थलमा फोहोरमैला व्यवस्थापन गर्न, विसर्जन गर्न वा नदी प्रणाली, ताल वा सिमसार क्षेत्रमा ढल मिसाउन नपाइने व्यवस्था गर्नेछ ।

तर फोहोरमैला प्रशोधन गरी प्रशोधित पानी मिसाउन बाधा पर्ने छैन।

## परिच्छेद-५

## फोहोरमैला व्यवस्थापनमा निजी वा सामुदायिक क्षेत्रसँग सहकार्य

**२६. निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनः** (१) उप-महानगरपालिकाले दफा २७ को अधीनमा रही आवश्यकता अनुसार निजी क्षेत्रका कुनै कम्पनी, सामुदायिक वा सहकारी संस्था वा गैरसरकारी संस्थाबाट आफ्नो भौगोलिक क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा देहायका कुनै वा सबै काम गराउन सक्नेछ :

(क) फोहोरमैला न्यूनिकरणका लागि जनचेतना अभिवद्धि,

(ख) फोहोरमैला सङ्कलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको उपयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहोरमैला विसर्जन, र

(च) बन्द पश्चात व्यवस्थापन।

**२७. प्रतिस्पर्धाबाट फोहोरमैला व्यवस्थापनः** (१) उप-महानगरपालिकाले दफा २६ बमोजिम निजी क्षेत्र सामुदायिक वा सहकारी संस्था वा गैरसरकारी संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्र मार्फत खुल्ला प्रतिस्पर्धाबाट त्यस्तो कम्पनी वा संस्था छनौट गरी व्यवस्थापन गर्न जिम्मा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापनको छनोट गर्दा देहायका आधारमा तोकिए बमोजिम गर्नुपर्नेछ।

(क) उप-महानगरपालिकाबाट प्राप्त गर्ने फोहोरमैलाको स्रोतको रुपमा प्रयोग गरी आय आर्जन गर्ने कार्ययोजना,

(ख) फोहोरमैलाबाट ऊर्जा, इन्धन, प्राङ्गारिक मल वा कच्चा पदार्थ उत्पादन गर्ने भए त्यस्तो उत्पादन गर्ने प्राविधिक, वित्तीय र जनशक्तिको क्षमता,

(ग) फोहोरमैला व्यवस्थापन गर्न आवश्यक आर्थिक तथा प्राविधिक क्षमता र त्यसको स्रोत,

(घ) फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिका दिगोपना तथा वातावरणीय प्रभाव न्यूनिकरण,

(ङ) फोहोरमैला बापत उप-महानगरपालिकालाई बुझाउन कबुल गरेको दस्तुर,

(च) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(छ) फोहोरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने भए उप-महानगरपालिकालाई बुझाउन मन्जुर गरिएको रोयल्टी रकम।

(३) यस दफा बमोजिम बोलपत्रको प्रकृया अवलम्बन गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम छनौट भएको कम्पनी वा संस्थासँग उप- महानगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्झौता गर्नेछ।

(५) उपदफा (४) बमोजिम हुने सम्झौतामा तोकिएका विषय उल्लेख गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम सम्झौता भएको कम्पनी वा संस्थालाई उप- महानगरपालिकाले तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको अनुमतिपत्र सम्झौता बहाल रहेसम्म कायम रहनेछ।

(८) उपदफा (४) बमोजिम भएको सम्झौतापत्र तोकिएको अवस्थामा अन्त्य हुनेछ।

(९) उपदफा (६) बमोजिम अनुमतिपत्र प्राप्त गरी फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले उपमहानगरपालिकासँग गरेको सम्झौताको अधीनमा रही उपमहानगरपालिकाबाट फोहोरमैला संकलन वा प्राप्त गर्न र फोहोरमैला उत्सर्जन गर्ने व्यक्तिबाट दफा ४० बमोजिम सेवा शुल्क उठाउन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम शुल्क उठाउदा फोहोरमैलाको परिमाण र प्रकृतिको आधारमा तोकिए बमोजिम शुल्क लिने व्यवस्था गर्न सक्नेछ ।

**२८. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालनको स्वीकृतिः** (१) फोहोरमैला व्यवस्थापनका लागि दफा २७ को उपदफा (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न वा दफा १२ बमोजिम फोहोरमैलाको उपयोग गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि उप- महानगरपालिकाले स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल निर्माण गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक पर्ने जग्गाको व्यवस्थापनको लागि उपमहानगरपालिकाले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जग्गाको व्यवस्थापन गर्नु पर्ने भएमा उप- महानगरपालिकाले सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ।

**२९. सार्वजनिक निजी साझेदारीमा फोहोरमैलाको व्यवस्थापनः** (१) उप- महानगरपालिकाले प्रचलित कानूनको अधीनमा रही सार्वजनिक-निजी साझेदारीको ढाँचा बमोजिम लगानी र प्रतिफलमा साझेदारी

गर्ने गरी निजी क्षेत्रको कुनै व्यक्ति, कम्पनी वा संस्थासँग फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य गर्न सक्नेछ।

(२) सार्वजनिक-निजी साझेदारीका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३०. स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको व्यवस्थापनः** (१) उप- महानगरपालिकाको क्षेत्रभित्र स्वास्थ्य संस्था स्थापना गर्न अनुमति प्राप्त गर्नु अघि त्यस्तो स्वास्थ्यसंस्था सञ्चालन हुँदा उत्सर्जन वा उत्पादन हुने स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध गर्ने कार्ययोजना तयार गरी अनुमतिका लागि निवेदन गर्नुपर्नेछ।

(२) उप- महानगरपालिकाको क्षेत्र भित्र स्वास्थ्यसंस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्यसंस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु अघि फोहोरमैला व्यवस्थापन सम्बन्धि उपयुक्त कार्ययोजना व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त कार्ययोजना भएमा त्यस्तो कार्ययोजना स्वीकृत गरी अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उप-महानगरपालिकाले अनुमति दिँदा स्वास्थ्यसंस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नु पर्ने अन्य शर्त वा कायम गर्नु पर्ने मापदण्ड अनुमति दिँदाका बखत तोक्नु पर्नेछ।

**३१. उप-महानगरपालिकाको पूर्व स्वीकृतिः** कुनै विदेशी व्यक्ति संघ, संस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै कार्यक्रम सञ्चालन गर्ने भएमा उप-महानगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

**३२. व्यावसायिक प्रतिष्ठानमा फोहोरमैला संकलन उपकरणको व्यवस्थाः** (१) कुनै वस्तु वा सेवाको व्यापार वा व्यवसाय सञ्चालन गर्ने कुनै पनि व्यक्ति, संस्था वा निकायले व्यापार वा व्यवसाय सञ्चालन गर्ने क्रममा वा त्यस्ता व्यक्ति, संस्था वा निकायमा भ्रमण गर्ने ग्राहक वा उपभोक्ताले त्यस्ता सेवा वा वस्तु प्राप्त गर्दा वा उपभोग गर्दा उत्सर्जन हुने फोहोरमैला संकलन गर्न त्यस्तो व्यक्ति, संस्था वा निकायले दफा ४ को अधीनमा रही आफ्नो प्रतिष्ठान परिसर भित्र फोहोरमैला संकलन हुने उपयुक्त बाल्टिन, साधन वा उपकरण राख्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम संकलन भएको फोहोरमैला दफा ४ बमोजिम व्यवस्थापन वा दफा ७ बमोजिम सङ्कलन गर्न सहयोग गर्नुपर्नेछ।

**३३. सार्वजनिक स्थानमा फोहोरमैला संकलनः** (१) उप- महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आफ्नो क्षेत्रभित्रका सार्वजनिक सडक, सार्वजनिक उद्यान, पार्क, प्रदर्शनी स्थल, सवारी साधन बिसौनी स्थल जस्ता सार्वजनिक स्थानमा आवश्यकता अनुसार ठाउँ-ठाउँमा तोकिए बमोजिमको संख्यामा फोहोरमैला सङ्कलन गर्न उपयुक्त उपकरण वा बाल्टिन राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला संकलन गर्दा उपकरण, साधन वा बाल्टिन राख्दा जैविक वा अजैविक फोहोरमैलाको फरक-फरक सङ्कलन हुने गरी अलग-अलग कन्टेनर राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सार्वजनिक स्थानमा आवागमन वा भ्रमण गर्ने व्यक्तिले आवागमन वा भ्रमणको क्रममा कुनै किसिमको फोहोरमैला उत्सर्जन गर्नु परेमा उपदफा (२) बमोजिमको उपयुक्त उपकरण वा बाल्टिनमा राख्ने गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम फोहोरमैला नराख्ने वा उपयुक्त कन्टेनर नराख्ने व्यक्तिलाइ उपमहानगरपालिकाबाट खटिएको निरीक्षक वा सार्वजनिक स्थानको हेरचाह वा व्यवस्थापन गर्ने जिम्मेवारी पाएको व्यक्तिले सोही स्थानमा प्रत्येक पटक एकसय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत यस दफा बमोजिमको बाल्टिन वा उपकरण नराखेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र त्यस्तो कन्टेनर राख्नु पर्नेछ।

**३४. फोहोरमैला उत्सर्जन गर्ने वस्तुको नियन्त्रणः** (१) उप-महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै क्षेत्रलाई फोहोर वा प्रदूषित बनाउने सोही सूचनामा निर्धारित गुणस्तर भन्दा कम गुणस्तरको प्लास्टिक झोला वा प्लास्टिकजन्य त्यस्तै वस्तु वा फोहोरमैला उत्सर्जन गर्ने अन्य वस्तुको त्यस्तो क्षेत्र भित्र उत्पादन, पैठारी, विक्री वितरण वा प्रयोग गर्न रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाएका वस्तुको उत्पादन, पैठारी, विक्री वितरण वा प्रयोगका लागि राखिएमा त्यस्ता वस्तुको जुनसकै बखत व्यक्तिलाई उप-महानगरपालिकाले जफत गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जफत गरिएका वस्तु तोकेको प्रकृया बमोजिम व्यवस्थापन वा विसर्जन गर्नुपर्नेछ।

**३५. सार्वजनिक शौचालय निर्माण र सञ्चालनः** (१) उप-महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रभित्र आवश्यकता अनुसार सार्वजनिक ठाउँमा वा अन्य उपयुक्त ठाउँमा सार्वजनिक शौचालयको निर्माण गरी सञ्चालन गर्नुपर्नेछ।

(२) उप-महानगरपालिकाले फोहोरमैला र खुला दिशा पिसाव मुक्त स्थल वा क्षेत्र बनाउने उद्देश्यले उपदफा (१) बमोजिमका शौचालय निर्माण, सञ्चालन, मर्मत, सम्भार वा सुधारका लागि प्रत्येक वर्ष आफ्नो बजेट मार्फत निश्चित रकम विनियोजन गर्नुपर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिमका शौचालय सञ्चालन नभएका क्षेत्र वा स्थानमा यो ऐन प्रारम्भ भएको छ महिनाभित्र त्यस्ता शौचालयको निर्माण गरी सञ्चालन गर्नुपर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक रुपमा कुनै वस्तु विक्री वितरण गर्ने वा सेवा प्रवाह गर्ने तोकिए बमोजिमका सार्वजनिक प्रतिष्ठानले सार्वजनिक शौचालयको व्यवस्थापन गरी सञ्चालन गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमका प्रतिष्ठानले सार्वजनिक शौचालय सञ्चालन गरे वा नगरेको व्यक्तिलाई उप-महानगरपालिकाले नियमित रुपमा अनुगमन गर्नुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले सार्वजनिक शौचालय निर्माण गरी शुल्क लिई सञ्चालन गर्न चाहेमा व्यक्तिलाई उप-महानगरपालिकाले तोकेको शर्त पालना गर्न मन्जुर गरेमा सो शर्त बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

## परिच्छेद-६

## फोहोरमैला नियमन, नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था

**३६. प्रदूषण नियन्त्रणः** (१) आफ्नो क्षेत्रभित्र संकलित फोहोरमैलाबाट पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई कम गरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गरी उप-महानगरपालिका क्षेत्र सफा-सुग्घर, स्वच्छ, स्वस्थ्य र सुन्दर राख्ने जिम्मेवारी उप-महानगरपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पूरा गर्न र सङ्कलित फोहोरमैला निष्कासन तथा व्यवस्थापन गर्न उप-महानगरपालिकाले यस ऐन बमोजिम नियमन, निर्देशन वा नियन्त्रण गर्न सक्नेछ।

**३७. फोहोरमैला जलाउन निषेधः** उप-महानगरपालिका क्षेत्र भित्र घर परिसर, व्यापारिक प्रतिष्ठान वा सार्वजनिक ठाउँमा संकलन गरिएको फोहोरमैलालाई धुवाँ आउने वा वातावरणीय प्रदूषण हुने गरी जलाउन पाइने छैन।

तर व्यावसायिक प्रतिष्ठान वा आवासीय घरधनीले आफ्नो व्यवसाय सञ्चालन वा घर व्यवहारबाट उत्सर्जन भएको तोकिएको परिणाम सम्मको फोहोरमैला वातावरणीय प्रदूषण नहुने गरी आफ्नो प्रतिष्ठान वा घर परिसरभित्र आफै जलाउन बाधा पर्ने छैन।

**३८. रासायनिक विषादी सम्बन्धी व्यवस्थाः** (१) फोहोरमैला उत्पादन गर्ने रासायनिक पदार्थ वा विषादीको पैठारी गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नुपर्नेछ।

(२) समयावधि सकिएको विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित उत्पादक वा पैठारीकर्ताको हुनेछ।

**३९. फोहोरमैला व्यवस्थापनमा नागरिक वा सर्वसाधारणको कर्तव्यः** (१) उप-महानगरपालिकालाई फोहोरमैला मुक्त बनाउन उप-महानगरपालिकालाई सहयोग गर्नु सर्वसाधारणको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यमा प्रतिकूल नहुने गरी सर्वसाधारणले खास गरी देहायको कर्तव्य पालना गर्नुपर्नेछ।

(क) आफ्नो घर, परिसर वा घरपरिसर वरिपरि फोहोरमैला व्यवस्थापन गर्ने र फोहोरमैला हुन नदिने,

(ख) घरायसी फोहोरको दफा ५ बमोजिम छुट्याई सङ्कलन केन्द्रमा पुर्याउने,

(ग) सार्वजनिक स्थानमा कसैले फोहोरमैला उत्सर्जन गरेकोमा त्यसको व्यवस्थापन गर्न उप-महानगरपालिकालाई अग्रिम सूचना दिने,

(घ) घर परिसर बाहिर रहेको बखत कुनै काम गर्दा वा कुनै उपभोग्य वस्तु उपभोग गर्दा कुनै फोहोरमैला उत्सर्जन भएमा त्यस्तो फोहोरमैला आफूसँग नै राख्ने र फोहोरमैला सङ्कलन गर्ने कुनै साधन वा उपकरणमा राख्ने,

(ङ) सार्वजनिक ठाउँमा दिशा पिसाब नगर्ने वा अरु कसैलाई गर्न नदिने,

(च) उप-महानगरपालिकालाई खुला दिशामुक्त क्षेत्र बनाउन उप-महानगरपालिकालाई सहयोग गर्ने,

(छ) फोहोरमैला व्यवस्थापन गर्न उप-महानगरपालिकाले दिएको निर्देशन पालना गर्ने ।

**४०. सेवा शुल्कः** (१) उप-महानगरपालिकाले कानून बनाई फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित घरधनी, व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृतिको आधारमा हुनेछ।

(३) उपदफा (१) बमोजिम उठाउने सेवा शुल्क, घरायसी फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति वा व्यवसाय सञ्चालनबाट उत्सर्जन र उत्पादन हुने फोहोरमैलाको फरक-फरक हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको शुल्क उप-महानगरपालिका आफैले वा अन्य कुनै संस्था वा निकाय मार्फत उठाउन सक्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले फोहोरमैलाको व्यवस्थापन गरेकोमा सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(६) उपदफा (१) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका विपन्न वर्गलाई उप-महानगरपालिकाको कानून बमोजिम सेवा शुल्कमा छुट दिन सक्नेछ।

(७) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी वा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी उप-महानगरपालिकाले फोहोरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्र तथा प्रभावित क्षेत्रका बासिन्दाको सामाजिक विकासमा खर्च गर्नुपर्नेछ।

**४१. सेवा रोक्का वा अन्त्यः** (१) दफा ४ बमोजिम फोहोरमैला व्यवस्थापन नगर्ने, दफा ५ बमोजिम फोहोरमैला नछुट्याउने वा दफा ४० बमोजिमको सेवा शुल्क नबुझाउने व्यक्ति, संस्था वा निकायको फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा उप-महानगरपालिकाले रोक्न वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा रोक्का वा अन्त्य गरेकोमा फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकाय आफैले उत्सर्जन गरिएको फोहोरमैलाको व्यवस्थापन गर्नुपर्नेछ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा १ बमोजिम सेवा रोक्का वा अन्त्य गरेकोमा सेवा रोक्का वा अन्त्य गरिएको जानकारी उप-महानगरपालिकालाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सेवा रोक्का वा अन्त्य भएकोमा सम्बन्धित व्यक्ति, संस्था वा निकायले फोहोरमैला छुट्याएर मात्र निष्कासन गर्ने प्रतिबद्धता गरेमा वा दफा ४० बमोजिम बुझाउनु पर्ने बाँकी सेवा शुल्क एकमुष्ट बुझाएमा निजलाई पुनः सेवा प्रदान गर्नुपर्नेछ।

**४२. विसर्जन शुल्कः** (१) दफा ४० मा जुनसुकै कुरा लेखिएको भए तापनि उप-महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रासायनिक पदार्थ, विषादी, विकिरणजन्य वस्तु वा कुनै विद्युतीय सामग्री विसर्जन गर्दा थप प्रविधिको प्रयोग गर्नु पर्ने भएमा त्यस्ता वस्तु विक्री गर्दा वा उपलब्ध गराउँदा त्यस्तो वस्तु विक्री गर्ने विक्रेताले वस्तु विसर्जन गर्दा लाग्ने शुल्क उपभोक्ताबाट अग्रिम रुपमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका वस्तुसँग सम्बन्धित फोहोरमैलाको व्यवस्थापन तथा विसर्जन सम्बन्धित विक्रेताले गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लिइएको शुल्क त्यस्तो वस्तु विक्री वा उपलब्ध गराउने व्यक्ति वा विक्रेताले उप-महानगरपालिकालाई जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-७

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

**४३. अनौपचारिक फोहोर संकलकको अधिकार र सुरक्षासम्बन्धी व्यवस्थाः** (१) प्रत्येक अनौपचारिक फोहोर संकलकको पहिचान र अभिलेखीकरण गर्न उप-महानगरपालिकाले विवरण संकलन गर्ने, अभिलेख तयार गर्ने, र प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(२) वडा तहमा दर्ता फारमको वितरण, अभिमुखीकरण कार्यक्रम सञ्चालन, तथा नियमित अद्यावधिक गर्न स्थानीय तहले व्यवस्था गर्न सक्नेछ।

(३) उप-महानगरपालिका तहमा न्यूनतम ज्यालाको निर्धारण तथा कार्यान्वयनका लागि न्यूनतम ज्याला निर्धारण समिति गठन गर्न सक्नेछ ।

(४) अनौपचारिक फोहोर संकलकलाई स्वास्थ्य बीमा सुविधामा समावेश गराउने व्यवस्था गर्न सम्बन्धित निकायले बीमा कम्पनीहरूसँग समन्वय गर्न सक्नेछ।

(५) फोहोर संकलकको कार्यको मान्यता प्रदान गर्न कार्य स्वीकृति प्रमाणपत्र वितरण गर्न सक्नेछ ।

(६) अनौपचारिक फोहोर संकलक तथा तिनीहरूको परिवारका सदस्यलाई व्यावसायिक सीप सम्बन्धी तालिम उपलब्ध गराउन उपमहानगरपलिकाले वार्षिक तालिका तयार गरी तालिम सञ्चालन गर्न सक्नेछ। सो तालिम प्राप्त व्यक्तिहरूको विवरण अभिलेख राखी प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

**४४. व्यावसायिक स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्थाः** (१) अनौपचारिक फोहोर संकलकलाई सुरक्षाका न्यूनतम मानक अनुसार सुरक्षात्मक सामग्री प्राप्त हुने व्यवस्था गर्नु पर्नेछ।

(२) प्रत्येक श्रमिकलाई मासिक रूपमा आवश्यक सुरक्षा सामग्री उपलब्ध गराइनुपर्नेछ।

(३) प्रत्येक छ महिनामा एकपटक श्रमिकहरूको स्वास्थ्य परीक्षण गर्न र परीक्षणको अभिलेख सुरक्षित राख्न सक्नेछ ।

(४) आपतकालीन तयारीका लागि नियमित अभ्यास गर्नुपर्नेछ ।

(५) आवश्यक परेमा उप-महानगरपालिकाले यस सम्बन्धमा छुटै कानूनहरु बनाउन सक्नेछ।

**४५. श्रम मूल्याङ्कन र समान ज्यालासम्बन्धी व्यवस्थाः** (१) समान कार्यको लागि समान ज्यालाको सिद्धान्त लागु गर्न उपमहानगरपालिकाले श्रम मूल्याङ्कन मापदण्ड तयार गर्नुपर्नेछ।

(२) श्रमिकको दक्षता परीक्षण गरी वर्गीकरणको आधारमा न्यायसंगत ज्याला निर्धारण गर्नुपर्नेछ।

(३) श्रमिकको दक्षता अभिवृद्धिका लागि सम्बन्धित निकायले आवश्यक सीप तालिमको व्यवस्था गर्नुपर्नेछ।

(४) श्रम निरीक्षणका लागि आवश्यक परेमा निरीक्षण समिति गठन गर्न सक्नेछ, जसले श्रमिकको गुनासो सुन्ने तथा त्रैमासिक निरीक्षण प्रतिवेदन तयार गर्ने कार्य गर्नेछ।

(५) प्रत्येक श्रमिकको ज्यालासम्बन्धी विवरण सार्वजनिक सूचना मार्फत प्रकाशित गर्नुपर्नेछ।

**४६. समुदायस्तरमा सचेतना र सहभागितासम्बन्धी व्यवस्थाः** (१) समुदायमा फोहोर व्यवस्थापन, रिसाइक्लिङ, र पुनः प्रयोगबारे जानकारी दिने उद्देश्यले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ।

(२) उप-दफा १ बमोजिमको कार्यक्रमहरू विभिन्न माध्यम (नाटक, भित्तेचित्र, पोस्टर, रेडियो, विद्यालय, आमसभा) प्रयोग गरी सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-८

## फोहोरमैला व्यवस्थापनको अनुगमन

**४७. अनुमतिपत्र प्राप्त व्यक्तिको काम, कारबाहीको अनुगमनः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्दा वा त्यस सम्बन्धी संयन्त्रको निर्माण वा सञ्चालन गर्दा यो ऐन, वातावरणीय अध्ययन प्रतिवेदन वा यस ऐन बमोजिम जारी गरिएको मापदण्डको पालना भए वा नभएको अनुगमन अनुगमनकर्ता खटाई उप-महानगरपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा यो ऐन, वातावरण सम्बन्धि प्रचलित कानून, वातावरणीय अध्ययन प्रतिवेदन वा यस ऐन बमोजिम जारी गरिएको अनुमतिपत्र वा मापदण्डको पालना नगरेको पाइएमा सोको पालनाको लागि उप-महानगरपालिकाले आवश्यक व्यवस्था गर्न समयावधि तोकी निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशन दिएकोमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिमको समयावधिमा पनि निर्देशनको पालना गरी आवश्यक व्यवस्था नगरेमा उप-महानगरपालिकाले त्यस्तो व्यक्ति वा कम्पनीसँग उप-महानगरपालिकाले गरेको सम्झौता र अनुमतिपत्र समेत रद्द गर्न सक्नेछ ।

**४८. फोहोरमैला व्यवस्थापनको नियमित अनुगमनः** (१) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन वा विसर्जन, निष्कासन कार्यको नियमित अनुगमन गर्न वा गराउने प्रयोजनका लागि आवश्यक संख्यामा अनुगमनकर्ता खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि उप-महानगरपालिकाले आवश्यक कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने अनुगमनकर्ताले अनुगमन पछि त्यसको प्रतिवेदन उप-महानगरपालिका समक्ष दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा उप-महानगरपालिकाले आवश्यक व्यवस्था गर्नुपर्नेछ।

**४९. वडा कार्यालयबाट नियमित अनुगमनः** (१) वडा कार्यालयले आफ्नो वडाभित्रका आवासीय घर, व्यावसायिक प्रतिष्ठान सरकारी, गैरसरकारी वा निजी कार्यालय, शिक्षण संस्थाको परिसर नियमित रुपमा पर्यवेक्षण वा भ्रमण गरी देहायको विषयमा अनुगमन गर्नुपर्नेछ ।

(क) त्यस्ता प्रतिष्ठान, कार्यालय वा शिक्षण संस्थाको परिसर भित्र यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापन भए वा नभएको,

(ख) त्यस्ता घर, प्रतिष्ठान कार्यालय वा शिक्षण संस्थामा दफा ५ बमोजिम फोहोरमैला छुट्याउने व्यवस्था भए वा नभएको,

(ग) त्यस्ता घर, प्रतिष्ठान, कार्यालय वा शिक्षण संस्थामा दफा ३२ बमोजिमको उपयुक्त बाल्टिन, साधन वा उपकरण राखिएको वा नराखिएको,

(घ) त्यस्ता घर, प्रतिष्ठान, कार्यालय वा शिक्षण संस्थामा उपयुक्त शौचालयको व्यवस्था भए वा नभएको।

**५०. उप-महानगरपालिकाबाट अनुगमनः** (१) यस परिच्छेदमा अन्यत्र जुनसकै करा लेखिएको भए तापनि यो ऐन तथा अन्य प्रचलित कानून बमोजिमको मापदण्ड बमोजिम फोहोरमैलाको व्यवस्थापन गरे या नगरेको, सार्वजनिक शौचालयको प्रबन्ध गरे वा नगरेको, फोहोरमैलाबाट मानव स्वास्थ्य, पशुपन्छी, जलासय, जमिन वा समग्र वातावरणमा प्रतिकूल असर परे वा नपरेको सम्बन्धमा समय-समयमा उप-महानगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) यस दफा बमोजिम उप-महानगरपालिकाले दिएको निर्देशन पालना गर्न सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा त्यस्तो निकायले विशेष गरी फोहोरमैला तथा सोको व्यवस्थापनबाट वातावरण, पर्यावरण प्रणाली तथा प्रभावित क्षेत्रका बासिन्दालाई परेको वा पर्नसक्ने असरको विषय समेत विचार गरी सोको व्यवस्थापनको लागि आवश्यक सहयोग र सहकार्य गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिमको फोहोरमैलाको व्यवस्थापन सोही दफाको उपदफा (२) बमोजिमको मार्गदर्शन वा ३० को उपदफा (३) बमोजिमको शर्त तथा मापदण्ड बमोजिम व्यवस्थापन भए वा नभएको सम्बन्धमा त्यस्तो मार्गदर्शन जारी गर्ने वा

शर्त तथा मापदण्ड तोक्ने अधिकारीले उप-महानगरपालिकासँग समन्वय गरी समय-समयमा अनुगमन गर्नुपर्नेछ।

**५१. प्रभावित क्षेत्रको संरक्षणः** (१) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल, प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई त्यस्तो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि उप-महानगरपालिकाले मूलतः देहायका क्षेत्रमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी, ढल निकास, सरसफाई र वातावरण संरक्षण,

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(ग) फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक अन्य कार्यक्रम।

(३) उपदफा (१) वा (२) बमोजिमको कार्यक्रम तर्जुमा र छनौट गर्नुअघि उप-महानगरपालिकाले प्रभावित क्षेत्रका सम्बन्धित समुदायसँग परामर्श गर्नुपर्नेछ ।

(४) फोहोरमैला व्यवस्थापन गरी उत्पादन गरिएको मल, ऊर्जा, इन्धन वा अन्य सामग्री विक्री गर्दा प्रभावित क्षेत्रका बासिन्दालाई सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ ।

(५) फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य गर्दा आवश्यक हुने रोजगारी आपूर्ति गर्दा प्रभावित क्षेत्रका बासिन्दालाई तोकिए वमोजिम प्राथमिकता दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा प्रभावित क्षेत्रका स्थानीय समुदायको सहभागिता रहने गरी गर्नुपर्नेछ ।

(७) फोहोरमैला व्यवस्थापन स्थलको कार्ययोजना बनाउँदा, सञ्चालन गर्दा वा त्यसका लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण तथा जलवायु परिवर्तन नियमन सम्बन्धि प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड अनुरुप हुने गरी गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षण सम्बन्धि कार्यक्रम सञ्चालन गर्दा उप-महानगरपालिकालाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोगकालागि नेपाल सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद-९
## समन्वय तथा अन्तरसम्बन्ध

**५२. समन्वय तथा अन्तरसम्बन्ध कायम गर्नेः** (१) फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित कुनै पनि कामको समन्वय र अन्तरसम्बन्ध कायम गर्ने दायित्व उप-महानगरपालिकाको हुनेछ।

(२) उप-महानगरपालिकाले समन्वय गर्दा देहायका कार्य सम्पादन गर्नेछः

(क) फोहोरमैला व्यवस्थापनको लागि नेपाल सरकार, प्रदेश सरकारका साथै जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित कार्यालयहरु त्यहाँ अन्य स्थानीय तह र स्थानीय तहका निकायहरुबिच समन्वय कायम गर्ने,

(ख) फोहोरमैला व्यवस्थापनमा नेपाल सरकार, प्रदेश सरकार लगायतका सम्बन्धित निकायलाई सुझाव दिने,

(ग) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरु बिच समन्वयको लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) फोहोरमैलाको एकीकृत रुपमा व्यवस्थापन गर्न सम्बन्धित निकाय वा उप-महानगरपालिकाले लगानी गर्नु पर्ने अवस्थामा लगानी गर्नुपर्ने रकमको सम्बन्धमा मापदण्ड निर्धारण गर्न पहल गर्ने,

(ङ) समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने विषय सिमाना जोडिएका अन्य पालिका, उप-महानगरपालिका भित्रकै वडाहरु र उप-महानगरपालिकाको सम्बद्ध अन्य निकायहरुसँग समन्वयमा गर्ने,

(च) उप-महानगरपालिकाका अतिरिक्त सङ्घ र प्रदेश तथा तिनका निकाय वा अधिकारीहरुसँगको समन्वय गर्ने,

(छ) फोहोर व्यवस्थापन व्यवस्थित ढंगले सम्पन्न गर्दा जनचेतना फैलाउने र सोका लागि आवश्यक काम गर्ने,

(ज) फोहोरमैला व्यवस्थापन गर्दा आई पर्ने सुरक्षा चासोका विषयमा समन्वय गर्ने,

(झ) विपदजन्य फोहोर व्यवस्थापनको बारेमा समन्वय गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने,

(३) समन्वय सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद -१०

## कसूर तथा सजाय

**५३. कसूरः** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(क) उप-महानगरपालिकाले तोकिदिएको समय वा स्थानमा बाहेक अन्यत्र फोहोरमैला निष्कासन गरेमा,

(ख) कन्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कन्टेनर, उपकरण वा बाल्टिन तोडफोड गरेमा, क्षति पुर्याएमा, राखिएको स्थानबाट हटाएमा वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याएमा,

(घ) यस ऐन विपरीत हुने गरी व्यावसायिक रुपमा फोहोरमैला व्यवस्थापनको काम गरेमा,

(ङ) अनुमतिपत्र प्राप्त नगरी कुनै व्यक्तिले फोहोरमैलाको व्यवस्थापन गरेमा वा फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा,

(च) फोहोरमैला सङ्कलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फालेमा, राखेमा वा जम्मा गरेमा,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राखेमा, फालेमा वा थुपारेमा,

(ज) फोहोरमैलाबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर कम्पाउण्ड, जग्गा प्रदूषित बनाएमा वा सार्वजनिक ठाउँमा अनुगमनमा अवरोध पुर्‍याएमा,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला सङ्गलन गर्न उप-महानगरपालिकाले तोकेको स्थान र समयमा ठोस फोहोर संकलन वा सरसफाइ कार्य भइरहेका बेला कुनै सवारी साधन रोकेर राख्ने वा सार्न अस्वीकार गरेमा,

(ञ) उप-महानगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी जथाभावी हानिकारक फोहर, रसायनिक फोहोर, औद्योगिक फोहर वा स्वास्थ्य संस्थासम्बन्धी फोहोर फालेमा, थुपारेमा वा निष्कासन गरेमा,

(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, पारोयुक्त फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, विद्युतीय उपकरण सम्बन्धि हानिकारक फोहोरमैला वा निर्माणजन्य फोहोरमैला जथाभावी फालेमा, राखेमा, निष्कासन गरे वा गराएमा,

(ठ) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापन वा विसर्जनमा कुनै किसिमले बाधा वा अवरोध सिर्जना गरेमा,

(ड) फोहोरमैला सङ्कलन, ढुवानी वा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गरेमा वा फोहोरमैला व्यवस्थापन सम्बन्धि काममा हडताल गरेमा,

(ढ) स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी बढी फोहोर उत्पन्न गर्ने कुनै पनि वस्तुको उत्पादन, बिक्री वा वितरणमा प्रतिबन्ध लगाएको अवस्थामा सो वस्तु उत्पादन, बिक्री वा वितरण गर्ने,

(ण) दफा २५ को उपदफा (३) विपरीत फोहोरमैला मिसाएमा वा विसर्जन गरेमा,

(त) दफा ३८ विपरीत रासायनिक पदार्थ वा विषादीको पैठारी गरेमा वा प्रयोग गरिसक्नु पर्ने अवधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगरेमा,

(थ) दफा ५ र ६ विपरीत स्रोतमै फोहोरमैला नछुट्याई फोहोरमैला मिसाएर निष्कासन गरेमा,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राखेमा, फालेमा वा थुपारेमा,

**५४. सजायः** (१) दफा ५३ को देहायको कसूर गर्ने व्यक्तिलाई उप-महानगरपालिकाले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(क) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पहिलो पटक पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ, दोश्रो पटक सोही कसूर गरेमा पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटक पन्ध्र हजार रूपैयाँ जरिवाना गरिनेछ र फोहर उठाउने खर्च समेत निजबाट भराउने,

(ख) खण्ड (ख) वा (झ) बमोजिमको कसूर गर्नेलाई एक हजार रुपैयादेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(ग) खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गरी कन्टेनर र वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्ने,

(घ) खण्ड (घ) वा (ङ) वमोजिमको कसूर गर्नेलाई पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउने,

(ङ) खण्ड (च) बमोजिमको कसूर गर्नेलाई पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्ने र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए क्षति बापत्को रकम समेत कसूरदारबाट असूल उपर गर्ने,

(च) खण्ड (छ), (ज), (द) बमोजिमको कसूर गर्नेलाई पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(छ) खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई तीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना र त्यस्तो वस्तु जफत गर्ने,

(ज) खण्ड (ट), (ठ), (ड) वमोजिमको कसूर गर्नेलाई पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्ने र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(२) उपदफा (१) बमोजिमको जरिवाना गर्दा उप-महानगरपालिकाले अधिकार प्रदान गरेको अधिकारीले तत्काल जरिवाना गरी सोको रसिद वा प्रमाण दिनुपर्नेछ ।

(३) प्लाष्टिकजन्य फोहर व्यवस्थापनसम्बन्धी प्रावधानको विषयमा उप-महानगरपालिकाको क्षेत्रभित्र निम्न कार्यहरू यो ऐन तथा सम्बन्धित निर्देशिका विपरीत मानिनेछः

(क) ४० माइक्रोनभन्दा कम मोटाइ भएका प्लाष्टिक झोलाको उत्पादन, विक्री, वितरण, प्रयोग वा भण्डारण गर्नु,

(ख) पुनःचक्रण गर्न नसकिने प्लाष्टिकको प्रयोग गर्नु वा बिक्री वितरण गर्नु,

(ग) प्लाष्टिकजन्य फोहोरलाई अन्य फोहोरसँग मिसाउनु,

(घ) तोकिएको स्थानबाहिर प्लाष्टिकजन्य फोहोर फाल्नु, जलाउनु वा थुपार्नु,

(ङ) उप-महानगरपालिकाबाट स्वीकृति नलिई प्लाष्टिकको पुनःचक्रण वा संकलन गर्नु।

(४) जरिवाना गर्ने कार्यविधी

(१) उपदफा ३ मा उल्लेखित कुनै पनि कार्य गरेको प्रमाणित भएमा, उप-महानगरपालिकाले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

(क) पहिलोपटक उल्लंघन गरेमा मौखिक वा लिखित चेतावनी,

(ख) दोस्रोपटक उल्लंघन गरेमा रु. १,००० देखि रु. १०,००० सम्म जरिवाना,

(ग) तेस्रोपटक उल्लंघन गरेमा व्यापार दर्ता नवीकरण नगर्ने, स्वीकृति वा अनुमति खारेज गर्ने वा सेवा बन्द गर्ने,

(घ) निरन्तर उल्लंघन भएमा सार्वजनिक रूपमा नाम प्रकाशन गर्ने वा कानूनी कारबाहीको लागि सिफारिस गर्ने।

**५५. सेवा सुविधा रोक्का गर्न सकिनेः** (१) उपमहानगरपालिकाले यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिवा संस्थालाई उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत वा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नाममा रहेको घर, जग्गा बिक्री गर्न रोक्काको लागि उपमहानगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

तर, यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्ति वा संस्थालाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

## परिच्छेद-११

## विविध

**५६. विपद्जन्य फोहोरमैलाको व्यवस्थापनः** (१) भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता विपद्को कारणले उत्सर्जन भएका फोहोरमैलाको व्यवस्थापनको लागि उप-महानगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापनको लागि उपमहानगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकार समक्ष आवश्यक प्राविधिक वा अन्य सहयोग माग गर्न सक्नेछ।

**५७. स्वास्थ्य बीमा तथा सुरक्षित पोसाकको व्यवस्थाः** (१) फोहोरमैला व्यवस्थापन गर्ने निकाय वा संस्थाले त्यस्तो कार्यमा संलग्न जनशक्तिको लागि तोकिए बमोजिम स्वास्थ्य बीमाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) फोहोरमैला व्यवस्थापन गर्ने निकाय वा संस्थाले त्यस्तो कार्यमा संलग्न जनशक्तिले फोहोरमैला व्यवस्थापन गर्दा प्रयोग गर्ने सुरक्षित पोसाक वा प्रयोग गर्ने उपयुक्त औजार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ।

**५८. सचेतना अभिवृद्धिः** (१) उपमहानगरपालिकाले फोहोरमैलाको उत्सर्जन वा उत्पादन न्यूनीकरण गर्ने, फोहोरमैला वर्गीकरण गर्ने, फोहोरमैलाको व्यवस्थापन गर्ने वा विसर्जन गर्ने काममा सर्वसाधारणको सचेतना वृद्धि गर्न स्थानीय क्लब, गैरसरकारी संस्था, समुदायमा आधारित संस्था वा उपभोक्ता संस्थालाई प्रशिक्षण प्रदान गर्न वा त्यस्ता संस्थालाई परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सचेतना कार्यक्रम सञ्चालन गर्दा वा परिचालन गर्दा नागरिक, समुदाय, टोल विकास संस्था, सरोकारवालाको कर्तव्य र जिम्मेवारीको विषयमा जानकारी गराउनुपर्नेछ।

(३) उपमहानगरपालिकाले फोहोरमैला व्यवस्थापनमा नागरिकको सचेतना अभिवृद्धिको लागि विद्यालय तह वा अनौपचारिक शिक्षाको पाठ्यक्रम तयार गराई सो विषयमा आवश्यक शिक्षा प्रदान गर्ने व्यवस्था गर्न सक्नेछ।

**५९. सार्वजनिक सडक तथा सम्पदाको सफाईः** (१) आफ्नो कार्यक्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक वा सांस्कृतिक सम्पदा, सार्वजनिक सडक, सार्वजनिक उद्यान, पार्क वा नदी, खोलाको नियमित सरसफाई गर्ने र त्यस्ता सम्पदामा उत्सर्जन भएको फोहोरमैलाको व्यवस्थापनका छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा त्यसको सरसफाई गर्ने र सम्पदा वा संरचनामा उत्सर्जन भएको फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ।

**६०. नियमनकारी निकायबाट अनुगमनः** (१) प्रचलित कानून बमोजिम कुनै व्यवसाय वा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने वा त्यस्तो व्यवसाय वा सेवाको नियमन गर्ने नियमनकारी निकायले त्यस्तो व्यवसाय वा सेवा सञ्चालन गर्ने प्रतिष्ठानमा अनुगमन वा निरीक्षण गर्दा त्यस्तो प्रतिष्ठानले यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापन गरे वा नगरेको विषयमा पनि अनुगमन गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम अनुगमन वा निरीक्षण गर्दा यस ऐन बमोजिम फोहोरमैलाको व्यवस्थापन नगरेको देखिएमा त्यस्तो प्रतिष्ठानलाई सो सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित प्रतिष्ठानको कर्तव्य हुनेछ।

**६१. अभिलेख राख्नेः** (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने निजी तथा सामुदायिक संस्थाको अद्यावधिक विवरण राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा उप-महानगरपालिकाले तोकेको अन्य विवरण समेत समावेश गर्नु पर्नेछ।

**६२. सामाजिक उत्तरदायित्व बहनः** घरायसी फोहोरमैला बाहेकका अन्य फोहोरमैला उत्सर्जन गर्ने कम्पनि, उद्योग, व्यवसाय, प्रतिष्ठान वा संस्थाले आफ्नो आयको १ प्रतिशत सम्मको रकम फोहोरमैला व्यवस्थापन वा सचेतना अभिवृद्धि गर्ने वा वातावरण प्रदूषण नियन्त्रण वा न्यूनिकरण गर्ने कार्यमा खर्च गरी सामाजिक उत्तरदायित्व बहन गर्नु पर्नेछ।

**६३. पुरस्कारः** (१) उप-महानगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि नवीनतम उपयोगी प्रविधि वा अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा उल्लेखनिय योगदान गर्ने व्यक्ति वा संस्थालाई सम्मान स्वरुप तोकिए बमोजिम पुरस्कार दिन सक्नेछ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई उप-महानगरपालिकाले सम्मान वा नगद पुरस्कार दिन सक्नेछ।

**६४.** यस ऐन बमोजिम हुनेः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि फोहोरमैला व्यवस्थापन सम्बन्धी बिषयमा यसै ऐन बमोजिम हुनेछ र अन्य बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**६५. नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न उप- महानगरनगरपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ।

**६६. मापदण्डः** (१) उप-महानगरपालिकाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही विभिन्न प्रकृतिका फोहोरमैला व्यवस्थापनको लागि छुट्टै मापदण्ड जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड जारी गर्दा हानिकारक रासायनिक, पारोयुक्त औद्योगिक, तेजावजन्य, स्वास्थ्यसंस्थाजन्य, निर्माणजन्य फोहोरमैला र घरायसी फोहोरमैला व्यवस्थापन सम्बन्धी छुट्टाछुट्टै वा एकीकृत मापदण्ड जारी गर्न र कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

**६७. खारेजी र बचाउः** (१) जनकपुरधाम उप-महानगरपालिकाले यस अघि जारी गरेको **वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०८०** को परिच्छेदः ३ "फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था" खारेज गरिएको छ।

(२) **वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०८०** को परिच्छेदः ३ र सो बमोजिम बनेका नियम कार्यविधि वा अन्य कुनै कानूनी संयन्त्र बमोजिम भए गरेका काम कारवाहि यसै ऐन बमोजिम भए गरेका मानिनेछ।